# आरोपित तीन खेलाडीले पाए सफाइ

## सागरहरूले फुटबलमा फर्कन अझै संघर्ष गर्नुपर्ने

फिरोज राजोपाध्याय
काठमाडौं







'हामीले गुमाएको ६ वर्ष कसले फिर्ता गर्छ ?' यो नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान सागर थापाले पोखेको अभिव्यक्ति हो। २०७२ साल असोज २७ गते सागरसहित रितेश थापा, सन्दीप राई र विकाससिंह क्षेत्री, पूर्वखेलाडी अञ्जन केसी तथा फिजियो थेरापिस्ट डेजिप थापा खेल मिलोमतोको आरोपमा पक्राउमा परेका थिए। सोही वर्षदेखि उनीहरूले आफूहरूलाई निर्दोष सावित गर्न लागिरहेकोमा मंगलबार सफाइ पाएका छन्। सफाइ पाएसँगै सागरले सो अभिव्यक्ति दिएका हुन्।

खेल मिलोमतोको आरोपमा राज्यविरुद्धको अपराधको मुद्दा लागेका उनीहरूले सफाइ पाएका छन्। सर्वोच्च अदालतले उनीहरूविरुद्ध कुनै प्रमाण नपाएपछि उक्त अभियोगमा निर्दोष रहेको ठहर गरेको हो। यसअघि विशेष अदालतले २०७५ साल जेठ २४ गते उनीहरूलाई सफाइ दिएको थियो। यो निर्णयसँगै सागरले उनकै फेसबुकमा आफ्नो भावना यसरी पोखेका थिए- 'सत्यको जित भयो सम्मानित सर्वोच्च अदालतबाट पनि न्याय पाइएकोमा आज समय, मेहनत, परिश्रमको मूल्यांकन कसले गरिदिने ? सरकारले एन्फाले।'

उनीहरूले देशमा आफूलाई निर्दोष सावित गरेका छन्। तर सफाइ पाए पनि उनीहरूका लागि फुटबलमा फर्कने सम्भावना भने भएको छैन। २०७२ साल मंसिरमा एसियाली फुटबल महासंघ (एएफसी)ले उनीहरूमाथि अन्तर्राष्ट्रिय फुटबलबाट आजीवन प्रतिबन्ध लगाएको थियो। एएफसीकै पाइलाको अनुसरण गर्दै सोही वर्ष नेपाली फुटबलको सर्वोच्च निकाय एन्फाले पनि उनीहरूलाई प्रतिबन्ध लगाएको थियो। जतिबेला प्रतिबन्धित भए त्यतिबेला सागर थापा सफल कप्तान, रितेश थापा नेपालका नम्बर एक गोलरक्षक र सन्दीप राई उत्कृष्ट रक्षापंक्तिका खेलाडी थिए।

विश्व फुटबलको सर्वोच्च निकाय फिफा र एसियाली फुटबलको सर्वोच्च निकाय एएफसीले खेल मिलोमतोलाई अपराधका रूपमै हेर्ने गर्छन्। यी निकायहरूले खेल मिलोमतोमा लागेकाहरूलाई सफाइ दिएको कुनै उदाहरण पनि छैन। यसैले पनि सागर थापा, सन्दीप राई, रितेश थापाका लागि फुटबलमा फर्कने वातावरण मिलेको छैन। उनीहरू खेलाडीका लागि न्याय गर्ने अदालत कोर्ट अफ आर्बिटेसन (कास)मा जान सकिनेछन्। तर यो निकै खर्चिलो हुने जनाइएको छ।

उनीहरूका लागि फुटबलमा फर्कन अझै संघर्ष गर्नुपर्ने हुन्छ। यसको मतबल बल एन्फातर्फ गुडेको छ। त्यसैले उनीहरूलाई न्याय दिलाउन सक्ने भनेको एन्फा मात्रै हो। एन्फाले पहल गरेमा उनीहरूका लागि केही हुन सक्ने पूर्वकप्तान सागर थापाले बताएका छन्। उनले बताएका छन्- '६ वर्ष हामीलाई एन्फाले केही गरेन। अब हामीले सम्मानित अदालतबाट सफाइ पायौं। एन्फाले हाम्रा लागि केही गरिदिन्छ भन्ने आस छ।'

# पैसा नै सबथोक

गायक गायिका साङ्पो लामा र सीता सेपाल्चु साम्पाङको नयाँ गीत पैसा नै सब हो नभनको लिरिकल भिडियो सार्वजनिक गरिएको छ।

गीतकार अम्बिका गुरुङको शब्द तथा संगीतकार प्रकाश लेप्चाको संगीत रहेको गीतको लिरिकल भिडियो विष्णु विरही श्रेष्ठले निर्माण गरेका हुन्। साहित्यकार तथा गीतकार अम्बिका गुरुङले थुप्रै गीत रचना गरिसकेकी छिन्। गीतले समसामायिक विषयवस्तुलाई समेटेको छ।




# खबपु हास्य सिरियलमा



कमेडी च्याम्पियनका फस्ट रनर्सअप खबपु अर्थात् खडगबहादुर पुन मगर अब नेपाल टेलिभिजनको पर्दामा देखिने भएका छन्।

अर्गानिक कमेडियनको उपमा पाएका खबपुले एनटिभी प्लसबाट शनिबार राती ९ बजे प्रसारण हुने अति भो सिरियलमार्फत दर्शकलाई हँसाउन लागेका हुन्। समसामयिक विषयवस्तुमा आधारित रहेर हास्यव्यंग्यमार्फत चेतना र सन्देश प्रवाह गर्ने हेतुले तयार पारिएको उक्त सिरियलमा रियाशा दाहाल, शर्मिला शर्मा, युगज्योति क्रियाशील, कञ्चन खड्का, राहुल श्रेष्ठ, सुमन सागर जंग केसी, चन्द्र पाण्डे, सुरज खनाल, तिलक कोइराला, सीमा ढकाललगायतको अभिनय रहेको छ। सुरज, तिलक र चन्द्रको लेखन, दिलिप विष्टको छायांकन रहेको उक्त सिरियलका निर्देशक सन्तोष खनाल हुन्। सिरियल मिडिया हब युट्युब च्यानलमा पनि हेर्न सकिनेछ।

प्रदेश सरकार
भौतिक पुर्वाधार बिकास मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा**
गण्डकी प्रदेश

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

(प्रथम पटक प्रकाशित मिति :२०७७/०३/०४)

यस कार्यालयको www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आब्हानको सुचना अनुसार पेश हुन आएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभाबग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. न. | बोलपत्र नं | कामको बिवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|---|
| १ | eBid/14/176/77/W/ Siling/WSSDO/Gorkha | सिलिङ ग्याजा खानेपानी आयोजना को विभिन्न निर्माण कार्यहरु, शहिदलखन गा.पा | कृश्चल/सचेत जे.भी, गोरखा | ४,३६,०९,८७८।९७ |

डिभिजन प्रमुख

प्रदेश सरकार
भौतिक पूर्वधार विकास मन्त्रालय
**सहरी विकास तथा भवन कार्यालय**
विराटनगर, मोरङ्ग, प्रदेश न. १

**वोलपत्र स्वीकृती गर्ने आशयको सूचना**

प्रकाशित मिति २०७७।०३।०४ (18,June, 2020)

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित निम्न बमोजिमको सूचना नं.को रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको सिफारिश अनुसार देहाय उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा १,२ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

| सिन | पत्रिकाको नाम | ठेक्का नं. | बोलपत्र तथा दरभाउपत्र | योजनाकोनाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | UDBO/Morang/ NCB/Works/ 05-2076/77 | UDBO/Morang/ NCB/Works/ 05-01-2076/77 | CONSTRUCTION OF DRIVING LICENSE BUILDING OF TRANSPORT MANAGEMENT OFFICE, SUNSARI OFFICE | HANUMAN CONSTRUCTION, HETAUDA-11,MAKWANPUR. | 76,372,238.75 ( Seven Crore SixtyThree Lakh SeventyTwo Thousand Two Hundred ThirtyEight Paise SeventyFive Only ) |
| २ | नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | UDBO/Morang/ NCB/Works/ 05-2076/77 | UDBO/Morang/ NCB/Works/ 05-02-2076/77 | CONSTRUCTION OF VEHICAL REGISTRATION BUILDING OF TRANSPORT MANAGEMENT OFFICE, SUNSARI OFFICE | HANUMAN CONSTRUCTION, HETAUDA-11,MAKWANPUR. | 73,287,830.78 ( Seven Crore ThirtyTwo Lakh EightySeven Thousand Eight Hundred Thirty Paise SeventyEight Only) |
| ३ | नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | UDBO/Morang/ NCB/Works/ 07-2076/77 | UDBO/Morang/ NCB/Works/ 07-01-2076/77 | CONSTRUCTION OF B.P. KOIRALA SEWA KENDRA COMMUNITIY BUILDING, SUNBARSI, MORANG. | TULSI BHAKTA-KALA J.V, BIRATNAGAR-12, MORANG. | 24,053,626.10 ( Two Crore Fourty Lakh Fifty Three Thousand Six Hundred TwentySix Paise Ten Only) |
| ४ | नेपाल समाचारपत्र राष्ट्रिय दैनिक | UDBO/Morang/ NCB/Works/ 07-2076/77 | UDBO/Morang /NCB/Works/ 07-02-2076/77 | CONSTRUCTION OF KIRAT RAI CULTURAL CENTERE COMMUNITIY BUILDING, LETANG, MORANG. | JOSHILA / SANKALPA J.V., BIRATNAGAR-13 ,MORANG. | 12,059,444.38 ( One Crore Twenty Lakh FiftyNine Thousand Four Hundred FourtyFour Paise ThirtyEight Only ) |

नि. कार्यालय प्रमुख

**षडानन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दिंला, भोजपुर**
प्रदेश नं. १, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०७७/०३/०४ गते

यस कार्यालयबाट मिति २०७७/०२/११ गते कान्तिपुर समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार e-bidding मार्फत प्राप्त हुन आएका बोलपत्रहरुको मूल्याङ्कन गर्दा तपशिलको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| १ | Shad/G/NCB/04/ 076/77 | Supply of Electrical goods for ward no. 1, 2 & 13. | श्री पशुपति सप्लायर्स, ईनरुवा-१, सुनसरी। | 6,287,553.50 (बैसठी लाख सतासी हजार पाँच सय त्रिपन्न रुपैंया र पैसा पचास मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

शहिदनगर नगरपालिका
नगर कर्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा
२.नं. प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धमा**

प्रकाशित मितिः- २०७७/०३/०४

यस कार्यालयबाट राष्ट्रिय दैनिक नेपाल समाचारपत्र पत्रिकामा प्रकाशित मिति २०७६/१२/२५ (SM/NCB/B/06/2076-77), २०७७/०१/०१ (SM/NCB/T/07/2076-77) गतेमा प्रकाशित शिलबन्दी बोलपत्र सूचना अनुसार रीतपूर्वक दर्ता भई मूल्याङ्कन समितिबाट देहायका ठेक्काहरुमा देहाय अनुसारको बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ एवं सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको फर्मको नाम ठेगाना | कबोल अंक रु.मू.अ.क. सहित |
|---|---|---|---|---|
| १. | SM/NCB/B/06/076/077 | चोराकैयेल्पुरमा सल्हेश गह्बर निर्माण कार्य गर्ने | मा राजदेवी निर्माण सेवा बालाबाख- ०१ | रु.४६७६४६१.७३ |
| २. | SM/NCB/B/07/076/077 | नाथपटीमा रामजानकी मन्दिर मर्मत र निर्माण गर्ने | शाह एंड सन्स निर्माण सेवा जनकपुर-०१। | रु.४५७४२१४.२८ |

नि.प्रमुख प्रशासकीय अधिकृत

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित। कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं। पो.ब.नं. २०४५। फोनः ४-२६११७९। फ्याक्सः ४-२१८९९०। Email: nepalsamacharpatra@gmail.com। प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ। सम्पादकः कपिल काफ्ले